☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
२०७३

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref No.): २०८२/०८३
च.नं. (Dis No.):

मितिः २०८३/०३/३०

## बेसीशहर नगरपालिकाको क्षेत्रभित्र बिज्ञापन कर संकलन गर्ने कार्यको लागि दरभाउ-पत्र आह्वान गरिएको सम्बन्धी

# सूचना! सूचना!! सूचना!!!

(प्रथम पटक प्रकाशित मिति : २०८३।०३।३०)

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ दफा ११ को घ (१) को अधिनमा रही बेसीशहर नगरपालिकाको स्वीकृत आर्थिक ऐन, २०८३ ले तोकेका दररेट कायम हुने गरी यस कार्यालयको मिति २०८३।०३।२२ को निर्णयानुसार बेसीशहर नगरपालिका क्षेत्रभित्र राखिने बिभिन्न किसिमका प्रचारप्रसारका सामाग्रीहरुको विज्ञापन राख्दा वा प्रचार–प्रसार गर्दा लगाईने बिज्ञापन करको शुल्क उठाउने कार्यको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले कानूनी प्रकृया पुरा गरेका इच्छुक व्यक्ति वा फर्महरुले दर्ता/नवीकरणको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण, कर चुक्ताको प्रमाण-पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ईजिपी र हार्डकपी दुबै माध्यामबाट ठेक्का प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीका लागि यो ७ (सात) दिनको सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीका लागि यस कार्यालयको वेभर्साईट www.besishaharmun.gov.np वा सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेभर्साईट www.bolpatra.gov.np तथा यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

ठेक्काको विवरण

| क्र. सं. | ठेक्का नं. | ठेक्काको बिवरण | स्थान | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | Besishaharmun/ Revenue/SQ/083/84/ 03 | बिज्ञापन करको शुल्क उठाउने कार्य | सबै वडाहरु | ३,७०,०००।- (तीन लाख सत्तरी हजार) | कबोल अंकको ५% | १०००।- |

बोलपत्रसँग सम्बन्धित शर्तहरू

१) यो ठेक्काको अवधि २०८३ श्रावण १ गतेदेखि २०८६ असार मसान्तसम्म ३ वर्षको लागि हुनेछ। यस कार्यालयले निर्धारण गरेको दररेटभन्दा बढी रकम असूल गर्न पाईने छैन ।

२) आ.ब. २०८३।०८४ का लागि ठेक्का वापत न्यूनतम ठेक्का रकम रु. ३,७०,०००।- (तीन लाख सत्तरी हजार, भ्याट वाहेक) कायम हुनेछ । दरभाउ-पत्र दाताले सो न्यूनतम ठेक्का रकममा चालु आ.ब. २०८३।८४ को लागि कवोल गरेको ठेक्का अंकमा १०% ले बृद्धि गरी आ.ब. २०८४।८५ को ठेक्का अंक कायम हुनेछ र सो ठेक्का रकममा पुनः १०% ले वृद्धि गरी आ.ब. २०८५।८६ को ठेक्का रकम कायम गरी ३ वर्षका लागि ठेक्का संचालन गरिनेछ ।

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

☎(फोन नं.): ०६६-५२०१५०
बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
२०७३
प.सं. (Ref No.): २०८२/०८३
च.नं. (Dis No.):
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

**बिज्ञापन करको कायम हुने ठेक्का रकम**

| बर्ष | आ.व. | न्यूनतम ठेक्का रकम | प्रतिबर्ष बृद्दी हुने प्रतिशत र रकम | | कबोल अंक/ठेक्का रकम |
|---|---|---|---|---|---|
| पहिलो बर्ष | २०८३।८४ | ३,७०,०००।- | | | |
| दोस्रो बर्ष | २०८४।८५ | | १०% | | |
| तेस्रो बर्ष | २०८५।८६ | | १०% | | |

३) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण्-पत्रको प्रतिलिपीका साथै वोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको आन्तरिक राजश्व खाता नं. ग-१-१-३०४०१००३०१०१०००२ मा नगद जम्मा गरी पसार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np बाट दरभाउ सम्वन्धी कागजातहरु डाउनलोड गरी ८औं दिन अर्थात मिति २०८३।०४।०५ गते १२:०० बजेभित्र सोही वेभसाईटमा अपलोड गरी सक्नु पर्नेछ ।साथै, दरभाउपत्र फाराम यस कार्यालयको राजश्व शाखाबाट समेत खरिद गरी माथि तोकिएकै समयभित्र हार्डकपी पेश गर्न सकिनेछ । दरभाउ पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तैपछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

४) दरभाउ सम्वन्धी फाराम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५% का दरले हुने रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३ ३०४०१००३०३००००००२ मा जम्मा गरी सक्कलै वैंक भौचर वा नेपाल राष्ट वैंकबाट इजाजत प्राप्त वैंकबाट यस कार्यालयको नाममा दरभाउ पत्रको व्यहोरा उल्लेख गरी दरभाउ खोलिने मितिबाट १२० दिन अवधी भएको बैंक जमानत-पत्र (Bank Guarantee) पेश गर्नु पर्नेछ।

५) रितपूर्वक पर्न आएका दरभाउ सम्वन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै, दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि दरभाउ खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तैपछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६) दरभाउ स्वीकृत भएमा सोको सूचना पाएको मितिले १० दिनभित्र आफूले कबोल गरेको रकम र सोको लाग्ने सम्पूर्ण कर (भ्याट तथा आय कर) सहित सम्झौताका लागि यस कार्यालयमा उपस्थित हुनुपर्नेछ । ठेक्का वापतको पुरै रकम सोही आर्थिक वर्षको पहिलो चरणमै बुझाउने भएमा न्यूनतम दरभाउ अंक बाहेकको रकममा १०% छुट दिइनेछ । प्रतिवर्ष किस्ताको आधारमा रकम जम्मा गर्ने भएमा पहिलो किस्ता वापत (५०%) को रकम, पुरै कबोल अंकको लाग्ने भ्याट तथा आयकर रकम र दोस्रो किस्ता (५०% प्रतिशत) रकमको आगामी आ.व.को असोज मसान्तसम्म म्याद भएको बैंक जमानत-पत्र सहित कार्यालयमा उपस्थित हुनु पर्नेछ । दोस्रो किस्ता बापतको रकम सोही आ.ब.को चैत मसान्तभित्र जम्मा गरिसक्नुपर्नेछ अन्यथा सोही बैंक जमानत-पत्रवाट असूल उपर गरिनेछ ।

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref No.): २०८२/०८३

च.नं. (Dis No.):

७) रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउ स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८) प्रचलित नियमानुसार कालोसूचीमा परेका वा यस कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति/फर्महरुले पेश गरेका दरभाउ-पत्र फाराम उपर कुनै कारवाही हुनेछैन ।

९) तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा दरभाउ पेश भएको बखत राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्काको बन्दोबस्त गरिनेछ ।

१०) ठेक्का सम्झौताका कुनै पनि शर्त उल्लङ्घन गरेमा नगरपालिकाले सम्झौता रद्द गर्न गरी धरौटी जफत गरी प्रचलित कानूनबमोजिम थप कारबाही गर्न सक्नेछ।

११) प्रत्येक करदातालाई अनिवार्य रूपमा रसिद उपलब्ध गराउनु पर्नेछ। कर संकलन गर्दा नगरपालिकाबाट उपलब्ध गराइएको रसिद मात्र प्रयोग गर्नुपर्नेछ। ठेक्का अबधी समाप्त भएपछि प्रयोग भएका र नभएका सबै रसिदहरु फिर्ता गर्नु पर्नेछ ।

१२) कर संकलनको अभिलेख दैनिक रूपमा अद्यावधिक राखी कार्यालयले मागेको बेला उपलब्ध गराउनु पर्नेछ। कर संकलनको क्रममा कुनै प्रकारको अनुचित शुल्क, सेवा शुल्क वा अतिरिक्त रकम लिन पाउने छैन।

१३) यस कार्यालयले निर्णय गरे बाहेक प्राकृतिक विपत्ति, बन्द, हड्ताल वा अन्य विशेष परिस्थितिका कारण कर संकलनमा कमी आए पनि ठेक्का रकममा कुनै छुट वा दावी गर्न पाइने छैन ।

१४) यस कार्यालयबाट तोकिएका सम्बन्धित पक्षबाट मात्र विज्ञापन कर संकलनको कार्य गर्नुपर्नेछ । यस कार्यालयको अनुमति विना निजी तवरबाट आफू खुशी शुल्कहरु तोकी कर छली गरी गराएको पाइएमा त्यस्ता व्यक्ति वा संस्था कार्यवाहीको भागिदार हुनेछन् । ठेक्का प्राप्त व्यक्तिले आफ्नो अधिकार अर्को व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न पाउने छैन।

१५) कर संकलन गर्दा सार्वजनिक शान्ति, सुरक्षा तथा स्थानीय कानूनको पूर्ण पालना गर्नुपर्नेछ। कुनै पनि सामग्री हटाउने, जफत गर्ने वा कारवाही गर्ने अधिकार ठेकोदारको पक्षतर्फ रहने छैन। त्यस्तो कार्य नगरपालिकाको निर्देशनमा मात्र गर्नुपर्नेछ।

१६) यस सुचनामा उल्लेख भएका शर्तहरु ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन्। यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र उल्लेख नभएका विषय सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०८३ तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछ।

...........................

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत



CS Scanned with CamScanner

श्री

# बेसीशहर नगरपालिकाको कार्यालय, लमजुङ

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बेसीशहर नगरपालिकाको मिति २०८३।०३।३० मा पहिलो पटक प्रकाशित सूचना अनुसारको

## दरभाउ-पत्र फाराम

| क्र.सं. | ठेक्का नं. | ठेक्काको बिबरण | वडा नं. | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | ठेक्का कबोल अंक | | धरौटी रकम | दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| १. | Besishaharmun/ Revenue/SQ/ 083/84/03 | विज्ञापन करको शुल्क उठाउने कार्य | सबै वडाहरु | ३,७०,०००।- (तीन लाख सत्तरी हजार) | | | कबोल अंकको ५% | १०००।- |

### बोलपत्रदाताको विवरण

नाम, थरः

फर्मको नामः

ठेगानाः

सम्पर्क नं-

दस्तखतः

फर्मको छापः

### संलग्न कागजात (चिन्ह लगाउने)

१. नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी थान १
२. फर्म दर्ता तथा नवीकरणको प्रमाणित प्रतिलिपी थान १
३. मु.अ. कर दर्ताको प्रमाणित प्रतिलिपी थान १
४. कर चुक्ताको प्रमाणित प्रतिलिपी थान १
५. बोलपत्र फाराम दस्तुर बापत बुझाएको रसिद प्रमाणित प्रतिलिपी थान १
६. धरौटी रकम बापत बुझाएको रसिदको प्रमाणित प्रतिलिपी वा बैंक ग्यारेन्टी (विड वण्ड) थान १
७. शर्त बमोजिमका अन्य आवश्यक कागजातहरु

CS Scanned with CamScanner